# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, वैशाख ११ गते २०५२ साल (संख्या २


## भाग ३

श्री ५ को सरकार

### पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

शाही नेपाल वायुसेवा निगमका कर्मचारीहरूको सेवा नियमावली, २०३१ लाई संशोधन गर्न वान्छनीय भएकोले,

शाही नेपाल वायुसेवा निगम ऐन, २०१९ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "शाही नेपाल वायुसेवा निगमका कर्मचारीहरूको सेवा (दोस्रो संशोधन) नियमावली, २०५१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. शाही नेपाल वायुसेवा निगमका कर्मचारीहरूको सेवा नियमावली, २०३१ मा नियम १६.१.१.१., १६.१.१.२ र १६.१.१.३ थप : शाही नेपाल वायुसेवा निगमका कर्मचारीहरूको सेवा नियमावली २०३१ को नियम १६.१.१ पछि देहायका नियमहरू १६.१.१.१, १६.१.१.२ र १६.१.१.३ थपिएका छन्:–

"१६.१ १.१ नियम १६.१.१ मा जुनसुकै कुरा लेखिएको भए तापनि ५५ वर्ष उमेर पूरा भई अवकाश हुने कुकर्मचारीलाई सामान्य स्वास्थ्य परीक्षणको अतिरिक्त देहायको विशेष स्वास्थ्य परीक्षणबाट सेवामा रहन उपयुक्त देखिएमा बढीमा तीन वर्षसम्मको अवधि थपिने छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) पल्मोनरी फंक्शन टेष्ट, इलेक्ट्रोकार्डियोग्राफी एक्सरसाईज, इलेक्ट्रो-इन्सीफेलोग्राफी, टाउकोको कम्प्यूटर टोमोग्राफी र कलर भिजन टेष्ट।

(ख) प्रत्येक ६ महिनामा सिरमलिपिड डिटरमिनेशन, रेष्टिङ इलेक्ट्रो कार्डियोग्राफि, ७०–१०० सि.एम. मा भिजुयल एक्युटी टेष्ट र नाईट भिजन (डार्क एडप्सन) टेष्ट ।

(ग) प्रत्येक वर्ष इकोकार्डियोग्राफी गराइएको ।

१६.१.१.२ नियम १६.१.१.१ बमोजिमको विशेष स्वास्थ्य परीक्षणबाट सेवामा रहन उपयुक्त देखिएका कुहरूलाई उडान कार्यमा संलग्न गराउँदा देहाय बमोजिमका व्यवस्था मिलाई उडान कार्यमा संलग्न गराउनु पर्नेछ:–

(क) ५५ वर्ष उमेर पूरा नभएका अर्को क्याप्टेनका साथ उड्नु पर्ने ।

(ख) प्रत्येक २८ दिनमा ७६ घण्टा र प्रत्येक वर्षमा ७५० घण्टाको सीमा भन्दा बढी उडान गर्न नपाइने ।

१६.१.१.३ नियम १६.१.१.१ प्रारम्भ हुनुअघि उमेरको कारणले ग्राउण्डेड भएका कुनै कुकर्मचारी सोही नियम बमोजिमको स्वास्थ्य परीक्षणबाट सेवामा रहन उपयुक्त देखिएमा नियम १६.१.१.१. बमोजिम थपिएको अवधिको गणना गर्ने प्रयोजनको लागि निज ग्राउण्डेड रहेको समयदेखि नै निजको सेवा कायम रहेको मानिनेछ ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले आर्थिक ऐन, २०४५ को दफा १५ को उपदफा १५.२ को खण्ड (ख) बमोजिम भूमिकर लिने प्रयोजनको लागि दीपायल सिलगढी नगरपालिकाको वडा नं. १,२,३,४,५,६,७,९ र १० मा पर्ने सम्पूर्ण क्षेत्रलाई आर्थिक वर्ष २०५२।५३ देखि लागू हुने गरी शहरीक्षेत्र तोकेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

श्री ५ को सरकारले आर्थिक ऐन, २०४५ को दफा १६ को उपदफा १६.३ ले दिएको अधिकार प्रयोग गरी रजिष्ट्रेशन दस्तुर प्रयोजनको लागि दीपायल सिलगढी नगरपालिकाको वडा नं. १,२,३,४,५,६,७,९ र १० मा पर्ने सम्पूर्ण क्षेत्रलाई आर्थिक वर्ष २०५२।५३ देखि लागू हुने गरी शहरीक्षेत्र तोकेको छ ।

## सूचना ३

श्री ५ को सरकारले आर्थिक ऐन, २०४५ को दफा १६ को उपदफा १६.३ ले दिएको अधिकार प्रयोग गरी रजिष्ट्रेशन दस्तुरको प्रयोजनको लागि दमक नगरपालिकाको देहाय बमोजिमको क्षेत्रलाई आर्थिक वर्ष २०५२।५३ देखि लागू हुने गरी शहरीक्षेत्र तोकेको छ ।

१. दमक नगरपालिकाको साविक वडा नं. १ (ख) को बाँकी क्षेत्र मध्येः-

पूर्व - रतुवा खोला ।

पश्चिम– साविक कि. नं. ४१८, ४१६, ४२५, १५४४,१५४५, १५०७, १५०६, २३६१, १६०५, २३६२, ३८६, ३१६८, १७२६, १७२७, ३७३, १३३५, ३७५, २२५०, २२५१, २२५२, २२५३, २२५४, १५७२, २८५ र २९८ ।

उत्तर–साविक कि. नं. १४४२, ५३०, ३१५, ३१६, ३१८, ३२२, ३२१, ३३०, ९४१, ३०२, २९८, र २९९ ।

दक्षिण–वडा नं. १ (ख) को दक्षिणी सिमानादेखि दमक नगरपालिकाको वडा नं. ६(क) र ६ (ख) को सिमाना ।

२. साविक वार्ड नं. ६ (क) को बाँकी सबैक्षेत्र ।

३. साविक वार्ड नं. ६ (ख) र (ग) को पूरै क्षेत्र ।

साथै उक्त क्षेत्र नापीमा वर्गीकरण नभएको हुँदा आर्थिक ऐन, २०५० को अनुसूची १० अनुसार भूमिकर प्रयोजनको लागि अवर्गीकृत (वर्गीकरण नभएको) सरह हुनेछ ।

आज्ञाले,
विष्णुप्रसाद खत्री
श्री ५ को सरकारको का.मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## आवास तथा भौतिक योजना मन्त्रालयको

## सूचना १

नगर विकास ऐन, २०४५ को दफा ४ को उपदफा ४.१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहाय बमोजिमका पदाधिकारी रहने गरी कंचनपुर जिल्लाको वेलौरी क्षेत्रमा वेलौरी नगर विकास समिति गठन गरेको छ ।

१. नगर विकास समितिको गठन

(क) श्री खेम सूवेदी, श्रीपुर गाउँ विकास समिति वडा नं. ४ – अध्यक्ष

(ख) प्रतिनिधि (अधिकृत स्तर) जिल्ला प्रशासन कार्यालय, कंचनतुर – सदस्य

(ग) प्रतिनिधि (अधिकृत स्तर) मालपोत कार्यालय, कंचनपुर – सदस्य

(घ) प्रतिनिधि (अधिकृत स्तर) (प्रा.) जिल्ला सडक कार्यालय कंचनपुर – सदस्य

(ङ) प्रतिनिधि (अधिकृत स्तर) (प्रा.) जिल्ला वन कार्यालय, कंचनपुर – सदस्य

(च) प्रतिनिधि (अधिकृत स्तर) (प्रा.) जिल्ला खानेपानी कार्यालय, कंचनपुर – सदस्य

(छ) श्रीमती हरिकला कंडेल, श्रीपुर गाउँ विकास समिति वडा नं. ४ – सदस्य

(ज) श्री रामप्रसाद ढकाल, श्रीपुर गाउँ विकास समिति वडा नं. ५ शान्तिपुर – सदस्य

(झ) श्री दिलीप सिंह रावल, श्रीपुर गाउँ विकास समिति, भूराकोट – सदस्य

(ञ) श्री तुलाराम खरेल, श्रीपुर गाउँ विकास समिति ५, शान्तिपुर – सदस्य

(ट) श्री देवीराम रावत, श्रीपुर गाउँ विकास समिति – सदस्य

(ठ) प्रमुख, जिल्ला भवन कार्यालय, कंचनपुर – सदस्य-सचिव

२. मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

खण्ड ४४, संख्या १२, मिति ०५१।३।२० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित वेलौरी नगर विकास समितिको गठन सम्बन्धी यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

## सूचना २

नगर विकास ऐन, २०४५ को दफा ४ को उपदफा ४.१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहाय बमोजिमका पदाधिकारी रहने गरी रामेछाप जिल्लाको मन्थली गाउँ विकास समितिमा मन्थली नगर विकास समिति गठन गरेको छ :



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. <u>नगर विकास समितिको गठन</u>

क) श्री शिवकुमार कार्की, खाडादेवी गाउँ विकास समिति —अध्यक्ष
ख) श्री नारायण श्रेष्ठ, मन्थली गाउँ विकास समिति —सदस्य
ग) श्री पुष्करराज प्रसाई, भटौली गाउँ विकास समिति —सदस्य
घ) श्री चिना तामाङ्ग,पिंखुरी गाउँ विकास समिति —सदस्य
ङ) श्री मुकुन्दप्रसाद कडरीया, खिम्ती गाउ विकास समिति —सदस्य
च) श्री टिका थापा मगर, मन्थली गाउँ विकास समिति —सदस्य
छ) प्रतिनिधि (अधिकृत स्तर), जिल्ला प्रशासन कार्यालय, रामेछाप —सदस्य
ज) प्रमुख, जिल्ला खानेपानी कार्यालय, रामेछाप —सदस्य
झ) प्रमुख, जिल्ला वन कार्यालय, रामेछाप —सदस्य
यं) प्रमुख, मालपोत कार्यालय, रामेछाप —सदस्य
ट) स्थानीय विकास अधिकारी जिल्ला विकास समितिको कार्यालय, रामेछाप —सदस्य
ठ) प्रमुख, जिल्ला भवन कार्यालय, रामेछाप —सदस्य-सचिव

२. मनोनीत सदस्यहरूको पदावधि २ वर्षको हुनेछ ।

खण्ड ४३ संख्या ३३ मिति २०५०।८।२१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित मन्थली नगर विकास समितिको गठनसम्बन्धी यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
शम्भुशरणप्रसाद कायस्थ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना १

सूचना तथा संचार मन्त्रालयका सचिव श्री भोजराज पोखरेल थाइल्याण्डको राजधानी बैंककमा आयोजना हुने रेगुलेशन र लेजिस्लेशन विषयको सेमिनारमा भाग लिन २०५१।१२।६ गते त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री नारायणप्रसाद ओझालाई मिति २०५१।१२।६ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना २

अर्थ मन्त्रालयका का.मु.सचिव श्री रामविनोद भट्टराई संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमको एशिया तथा प्रशान्त क्षेत्रको क्षेत्रीय विकास सहयोग सम्बन्धी बैठकमा भाग लिन मलेशियाको राजधानी क्वालालम्पुरतर्फ मिति २०५१।१२।११ मा जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री शम्भुप्रसाद खनाललाई मिति २०५१।१२।११ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ३

वन तथा भू-संरक्षण मन्त्रालयका का. मु. सचिव श्री श्रीराम पौडेल २०५१।१२।१२ गते जापानको अध्ययन अवलोकन भ्रमणका लागि जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री गोपालमान श्रेष्ठलाई मिति २०५१।१२।१२देखि कायम मुकायम मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४

गृह मन्त्रालयका का.मु.सचिव श्री रेवती रमण पोखरेल प्र.जि.अ., प्रहरी अधिकृत तथा राष्ट्रिय अनुसन्धान विभागका अधिकृतहरूको मध्य-पश्चिमान्चल र सुदूर पश्चिमाञ्चल स्तरीय क्षेत्रीय सम्मेलनमा भाग लिन नेपालगंज र दिपायल तर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा, नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री पुरुषोत्तम ढकाललाई मिति २०५१।१२।१४ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णबहादुर चन्द
श्री ५ को सरकारको का.मु. सचिव

## महालेखा परीक्षकको विभागको

## सूचना १

महालेखा परीक्षकले लेखापरीक्षण सेवामा रिक्त रहेको राजपत्रांकित विशिष्ट श्रेणीको उप-महालेखा परीक्षक पदमा महालेखा परीक्षकको विभागका कर्मचारीहरू सम्बन्धी नियमावली,२०५० को नियम ३० को उप-नियम (२)ले दिएको अधिकार प्रयोग गरी यस विभागका नायव-महालेखा परीक्षक श्री विष्णुबहादुर के.सी. लाई मिति २०५१।१२।१७ देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना २

महालेखा परीक्षकले लोक सेवा आयोगको सिफारिश र श्री ५ को सरकारको मिति २०५१।१२।६ को स्वीकृतिमा यस विभागको रिक्त राजपत्रांकित तृतीय श्रेणीको लेखापरीक्षण अधिकारी पदमा देहायका व्यक्तिहरूलाई एक वर्षको परीक्षणकालमा रहने गरी नियुक्ति गरी यसै विभागमा पदस्थापन गरेको छ ।

१. श्री विश्वराज बर्सोला
२. श्री घनश्याम बजगाई
३. श्री भवनाथ दाहाल
४. श्री महेश्वर काफ्ले
५. श्री नारायण एम.सी.
६. श्री घनश्याम पराजुली
७. श्री रामप्रसाद डोटेल
८. श्री बलबहादुर कार्की
९. श्री विनोद लामिछाने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५२

१०. श्री मनिराम शर्मा
११. श्री ताराप्रसाद पाण्डे
१२. श्री जीवनप्रसाद पौडेल
१३. श्री बाबुराम गौतम
१४. श्री केशवप्रसाद घिमिरे
१५. श्री इन्द्रप्रसाद आचार्य
१६. श्री गोरबहादुर जी टी.
१७. श्री ताराप्रसाद घिमिरे
१८. श्री सुदनप्रसाद पौड्याल

## सूचना ३

महालेखा परीक्षकले लोक सेवा आयोगको सिफारिश र श्री ५ को सरकारको मिति २०५१।१२।८ को स्वीकृतिमा यस विभागका देहाएका लेखा परीक्षण अधिक्षक हरुलाई यस विभागको रिक्त राजपत्रांकित तृतीय श्रेणीको लेखापरीक्षण अधिकारी पदमा बढुवा नियुक्ति गरी यसै विभागमा पदस्थापन गरेको छ।

१. श्री नारायण मरासिनी
२. श्री नेत्रकुमार खत्री
३. श्री जयराम घिमिरे
४. श्री रमेशप्रसाद न्यौपाने
५. श्री कृष्णप्रसाद पौडेल
६. श्री सुरेश शर्मा
७. श्री मात्रिकाप्रसाद घिमिरे
८. श्री पद्मप्रसाद आचार्य
९. श्री जगन्नाथ न्यौपाने
१०. श्री लालाचरण सुवेदी
११. श्री गोविन्दप्रसाद शर्मा लौडारी
१२. श्री तोयनाथ अर्याल
१३. श्री भरतकिशोर भट्टराई
१४. श्री शम्भुकुमार श्रेष्ठ
१५. श्री मोहनप्रसाद लामिछाने
१६. श्री कुमार थापा
१७. श्री रुद्रप्रसाद ज्ञवाली

आज्ञाले,
कृष्णलाल श्रेष्ठ
महालेखा परीक्षकको विभागको निर्देशक



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
58